(१) आ.व. २०७४/७५ को आन्तरिक लेखा परीक्षण सम्बन्धमा ।

सरावल गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २०७४/७५ को आन्तरिक लेखापरीक्षणका लागि कार्यालयमा आ०ले०प० शाखा गठन भई न-सकेकोले कोष तथा लेखा नियन्त्रक कार्यालय न-वलपरासी (व.सु.प.) लाई आन्तरिक लेखापरीक्षण गर्नका लागि अनुरोध गर्ने निर्णय गरीयो ।

(२) सामाजिक परिचालकहरूलाई सेवा परीवर्तन गरी निरन्तरता दिने सम्बन्धमा ।

गत आ.व. सम्म सामाजिक परिचालकको पदमा कार्यरत वडा नम्बर २का जमुना चौधरी लाई बहुक्षेत्रिय पोषण कार्यक्रममा स्वयं सेवकका रुपमा र वडा नं. ५का रामविलास यादवलाई सोही वडामा कार्यालय सहयोगिका रुपमा साविकमा खाइपाई आएको तलबमा घटी नहुने गरी निरन्तरता दिने निर्णय गरीयो ।

(३) झलुही खोलाको ~~सेय~~ ठेक्कापट्टा रकम छुट सम्बन्धमा ।

सरावल गाउँपालिका र सुनवल नगरपालिकाको सिमामा पर्ने झलुही खोलाको आ.व. २०७४/७५को नदीजन्य पदार्थको संकलन र बिक्रि वितरणका लागि भएको ठेक्कापट्टामा रकम छुटको सम्बन्धमा छलफल हुँदा सरावल गाउँपालिका १ नं. वडा कार्यालय तिलकपुरको पत्र तथा प्राविधिक प्रतिवेदन अनुसार ठेक्का सकार गर्ने पालुस्थान निर्माण सेवा, सरावल-२ ले गाउँपालिकामा दाखिला हुन बाँकी रकम मध्ये ५०% (पचास प्रतिशत) रकम मिति २०७५/०५/१२ गतेसम्म बैङ्क दाखिला गरेमा बाँकी रकम छुट गर्ने निर्णय गरीयो ।

(४) पोषण भत्ता प्रदान गर्नका लागि कार्यविधि मस्यौदा समिति गठन सम्बन्धमा ।

पोषण भत्ता प्रदान गर्नको लागि कार्यविधि

गर्ने निर्णय गरीयो।

तपसील

(क) उत्तमाकुमारी राय — संयोजक
(ख) सुनिता हरिजन — सदस्य
(ग) छोटेलाल यादव — "
(घ) हयात खां धुनिया — "
(ङ) शेषनारायण चौधरी — "
(च) ओमनारायण देवकोटा — सदस्य सचिव

(२) 'घ' वर्गको निर्माण व्यवसायको इजाजत सम्बन्धमा।
महाविर कन्ट्रक्सन सप्लायर्स-२, मनोहर कन्ट्रक्सन सप्लायर्स-२, तथा लक्ष्मी निर्माण सेवा सप्लायर्स-२ ले 'घ' वर्गको निर्माण व्यवसायको इजाजत प्राप्तिका लागि निवेदन पेश गरेकोमा प्राविधिक द्वारा फिल्ड प्रतिवेदन पेश गर्न लगाई आगामी बैठकमा पेश गर्ने निर्णय गरीयो।

सुनिता

बिन्दा